मिति २०७५/०६/२६ गते बसेको सचिव बैठकका निर्णयहरु:

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय | अनुगमन गर्ने निकाय/पदाधिकारी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त भएको सार्वजनिक खरिद तथा विकास निर्माणका कार्यक्रम सुधारको कार्ययोजना, २०७५ सबै सचिवज्यूहरुले अध्ययन गरी कार्यान्वयनयोग्य विषय कार्यान्वयनमा लैजाने र कार्यान्वयनका क्रममा परिमार्जन गर्नुपर्ने विषयलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग समन्वय गरी परिमार्जन गर्ने व्यवस्था मिलाइ प्रभावकारी कार्यान्वयन गर्ने। | अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सबै मन्त्रालय | सम्बन्धित मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २ | नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको सुनिश्चितताका लागि यस आर्थिक वर्षबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट थालनी गरिएको Progress online monitoring system बाट सबै मन्त्रालयका सचिवज्यूहरुले आ-आफ्नो मन्त्रालयको मासिक प्रगति प्रतिवेदन पठाउने । | सबै मन्त्रालय | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ३ | सबै मन्त्रालयले मन्त्रिपरिषद्बाट भएका निर्णयको कार्यान्वयन तथा पूर्वाधार निर्माणमा देखिएका कमी कमजोरीहरु हटाई द्रुत गतिमा पूर्वाधार एवम् विकास निर्माणका काम अगाडि बढाउन, आम नागरिकलाई परिवर्तनको महशुस हुने गरी सार्वजनिक सेवा प्रवाह गर्न एवम् संघ, प्रदेश र स्थानीय तहमा दरवन्दी अनुसारको कर्मचारी व्यवस्थापन र कर्मचारीहरुको तलव सम्बन्धमा समस्या भए तुरुन्त समाधान गर्ने कार्यको साथै संघ, प्रदेश र स्थानीय तहमा संचालित विकास आयोजनाहरुको सम्वन्धमा निर्धारित समयमानै कार्य सम्पादन गर्ने । | सबै मन्त्रालय | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ४ | वैदेशिक सहायतावाट संचालीत प्रदेश तथा स्थानीय तहको आयोजनाको कार्यान्वयनलाई सम्बन्धित मन्त्रालयका सचिवज्यूहरुले आवश्कतानुसार अर्थ मन्त्रालयसँग समन्वय गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । | सबै मन्त्रालय | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ५ | सार्वजनिक खरिद अनुगमन कार्यालयको सार्वजनिक खरिद ऐनका विषयमा अर्थ मन्त्रालयबाट प्राप्त प्रतिवेदनलाई अध्ययन गरी खरिद ऐन र नियमावलीमा गर्नुपर्ने सुधारहरु समावेश गरी १५ दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मस्यौदा पेश गर्ने । | | | | |
| ६ | बडा दशैं, तिहार, छठ लगायतका चाडपर्वको अवसरमा सबै नेपाली दाजुभाई दिदिबहिनीहरुमा शुभकामना व्यक्त । | | | | |

मुख्य सचिव